श्री

**राजस्व न्यायाधिकरण काठमाडौं,मुकाम पुल्चोक ललितपुर**

**<u>इजलास</u>**

**माननीय अध्यक्ष श्री विनोद शर्मा**

**राजस्व सदस्य श्री राजेन्द्र पौडेल**

**लेखा सदस्य श्री पुष्प प्रसाद गुरागाईं**

**<u>फैसला</u>**

०७७/०७८ सालको निर्णय नं. १७

पुनरावेदन नं. : ०७६-RB-००३०

पुनरावेदन दर्ता मितिः २०७६।०५।११

**<u>मुद्दाः अग्रिमकर कट्टि ।(२०७१/०७२)</u>**

कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. १ स्थित सुजल फुड्स प्रा.लि. कोतर्फबाट ऐ. का अधिकार प्राप्त वित्त प्रमूख ऐ. बस्ने वर्ष ३२ को अनुप वजिमयको वारिस का.जि.का.म.न.पा. वडा नं.११ माइतिघर बस्ने बर्ष ४४ को प्रभात कुमार कर्ण..............................................................१ } पुनरावेदक

**<u>विरूद्ध</u>**

श्री ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर.....................................१ } प्रत्यर्थी

**<u>शुरु निर्णय गर्ने कार्यालय र अधिकारी</u>**

शुरु निर्णय गर्ने कार्यालय : ठूला करदाता कार्यालय, ललितपुर

शुरु निर्णय गर्ने अधिकारी : प्रमुख कर प्रशासक धनिराम शर्मा

शुरु निर्णय मिति : २०७५।०४।३०

**<u>प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी</u>**

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री विष्णु प्रसाद नेपाल

निर्णय मितिः २०७६/२/१४

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्धान अधिवक्ता श्री महेश कुमार थापा

प्रत्यर्थीको तर्फबाट : विद्वान सहायक न्यायाधिवक्ता श्री ठाकुर प्रसाद बस्ताकोटी

ठूला करदाता कार्यालय हरिहरभवन, ललितपुरबाट भएको मिति २०७५।०४।३० समेतको निर्णय उपर आयकर ऐन, २०५८ को दफा ११६ तथा राजश्व न्यायधिकरण ऐन, २०३१ को दफा ६(१) बमोजिम यसै न्यायाधिकरणको क्षेत्राधिकार अन्तर्गत पुनरावेदन पत्र दर्ता भइ पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य यसप्रकार रहेको छ ।

## मुद्दाको तथ्य

१. करदाता श्री सुजल फुड्स प्रा.लि.ले आर्थिक वर्ष २०७१।०७२ को आय विवरण आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार करयोग्य आय रु. १,२१,०७,१००।०० कायम गरी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरमा मिति २०७२।०९।२६ मा पेश भएको आय विवरण ।

२. करदाताको आ.व. २०७१।०७२ को आय विवरणसाथ संलग्न कागजात, फाँटवारी तथा प्रमाणहरु अध्ययन, छानबिन तथा परीक्षण गर्दा कट्टी गर्न पाइने खर्च कट्टी दावी गरेको तथा भूक्तानीमा अग्रिम कर कट्टी गर्नु पर्नेमा कर कटी नगरेको र कर कट्टी गरेको रकम समयमा दाखिला गरेको नपाईएको आयकर ऐन, २०५८ को दफा १०१ बामोजिम संशोधित कर निर्धारण गरी अग्रिमकर माग गर्नुपर्ने देखिएकोले सो वमोजिम गर्नु नपर्ने कुनै ठोस प्रमाण भए सो पत्र प्राप्त भएको मितिले १५ (पन्ध्र) दिनभित्र जवाफ पेश गर्न ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७५।०३।३२मा सूचना जारी भएको ।

३. ठूला करदाता कार्यालयबाट मिति २०७५/३/३२ मा जारी भएको सूचना करदाताले सोही मितिमा बुझीलिई मिति २०७५/४/१५ मा जवाफ पेश गरेका हरेछन ।

४. कारदाताले जवाफ पेश गर्दा Scheme expenses, cash discount and free pkt expenses भनी खर्च गर्दा उक्त खर्चको लेजर बामोजिम सामान र नगद भुक्तानी गरेको हो। हाम्रो आफ्नै उत्पादनका (सामानहरु)चकलेट तथा चुईगम र वेफरहरु र नगद हामीले बाँडेर डिलरहरुको आय नभई उक्त सम्पूर्ण खर्चहरु छुटहरु अन्तिम उपभोक्तामा सरी जाने हुनाले यहाँ डिलरहरुको पनि आम्दानी नभएको, उक्त छुटहरु अन्तिम उपभोक्तासम्म गएका प्रमाणहरु बुझाएका छौं। Sales promoters salary भनेर अग्रमकर कट्टी नगरेको भनी अग्रीम कर माग भएकोमा उक्त खर्च भुलबस Salary लेख्न गएको भनी हामीले कर परिक्षणको बखतमा पनि निवेदन गरेको थियौं। उक्त खर्च Salary नभई हाम्रा नेपालको बिभिन्न स्थानमा कार्य सम्पादान गर्न बस्ने हाम्रा तलबी Staff हरुको दैनिक कार्य संचालन गर्दा हुन आउने बास्तबीक खर्चको भरपाई मात्र हो तसर्थ आयकर ऐन, २०५८ को आशय मर्म र सिद्दान्त विपरित अग्रिम कर समेत माग गर्ने गरी जारी भएको सुचना सच्याईदिनु हुन भन्ने समेत सुजल फुड्स प्रा.लि.ले उल्लेख गरेको देखिन्छ ।

५. करदाताले आफ्ना उत्पादन आफ्ना डिलरहरुलाईमात्र विक्री वितरण गर्ने गरेको, डिलरहरु मार्फत नै आफ्ना उत्पादन अन्तिम उपभोक्ताकहाँ पुग्ने, करदाताले बाँडेको बस्तु तथा सामान डिलरहरुको प्रयोग नगरे सम्म अन्तिम उपभोक्ताले प्राप्त गर्न सक्ने देखिएन । यस करदाताले Scheme

expenses, Cash Discount and Free Pkt expenses भनि सामान तथा नगद डिलरहरुलाई बाँडेको देखियो । डिलरहरुले प्राप्त गरेका समान तथा नगद आफुले आम्दानी जनाई उपभोक्तालाई वितरण गर्नु पर्नेमा कुन डिलरले कुन मितिमा के कति नगद तथा बस्तु प्राप्त गरी अन्तिम उपभोक्तालाई कहिले, कसरी र कहाँ वितरण गरेको भन्ने खुल्ने प्रमाण पेश नगरेको हुँदा करदाताले आफ्नो व्यवसाय तथा विक्री प्रवर्दनको लागी आफ्ना विभिन्न डिलर डिष्ट्रिव्युटर्स तथा एजेन्ट लगायतलाई विक्री बोनस तथा कमिसनको रुपमा विभिन्न स्किम छुट सुविधा कमिसन प्रदान गरेको पाईयो । आयकर ऐन, २०५८ को दफा ८८(१) ले त्यस्तो विक्री बोनस तथा कमिसनमा १५% अग्रिम कर कट्टी गर्नु पर्नेमा सो नगरेकोले तथा Sales Promoters Salary मा अग्रिम कर कट्टी सम्बन्धमा उक्त खर्च भुलबस Salary लेखिन गएको हो । उक्त खर्च हाम्रा Staff हरुको विभिन्न स्थानको कार्य सम्पादन गर्दा हुने वास्तविक खर्चको भरपाई मात्र हो भने तापनि उक्त खर्चको विस्तृत विवरण प्रमाण कागजात पेश नगरेको हुँदा Sales Promoters Salary अन्तर्गतको खर्चमा अग्रिम करकट्टी माग गर्ने भन्ने समेत मिति २०७५/०४/३० मा ठूला करदाता कार्यालय हरिहर भवन ललितपुरको संशोधित कर निर्धारण निर्णय ।

६. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरले मिति २०७५।०४।३० मा जारी गरेको आ.व. २०७१/०७२ को अग्रिमकर कट्टी माग आदेशमा चित्त नबुझी सुजल फुड्स प्रा.लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७५/०६/२६ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन।

७. प्रस्तुत करदाताको आर्थिक वर्ष २०७१।०७२ को ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट भएको संसोधित कर निर्धारण आदेश कानून सम्मत नै देखिएकोले निवेदकको जिकिर नपुग्ने ठहर्छ भनी आन्तरिक राजस्व विभाग काठमाण्डौंबाट मिति २०७६।०२।१४ मा भएको निर्णय।

८. पुनरावेदकले आफ्नो व्यवसाय प्रवर्द्धन गर्नको लागी विभिन्न किसिमका विक्रि योजना बनाई लागु गर्दछ । त्यसै अनुरुप Scheme expenses अन्तर्गत आफ्ना डिलरहरु मार्फत उत्पादनका विभिन्न सामान तथा नगद छुट खुद्रा विक्रेता र उपभोक्तालाई उपलब्ध गराएको नगद भुक्तानी नभएको हुँदा आयकर ऐन, २०५८ को दफा ८७ तथा ८८(१) अन्तर्गत कर कट्टी गर्न नपर्ने रकममा अग्रिम कर लाग्ने भनी माग गरिएको, सोध भर्नाको खर्चमा पनि अग्रिमकर कट्टी गर्नुपर्ने भनिएको, नेपालमा स्रोत भएको ब्याज, प्राकृतिक स्रोत, भाडा, रोयल्टी, सेवा शुल्क, कमिसन, बिक्रि बोनस, अवकाश भुक्तानी र अन्य प्रतिफलको रकम भूक्तानी गरेको नहुँदा पनि अग्रिम कर कट्टी गरिएको, यहाँ बस्तु तथा नगद छुट उपलब्ध डिलरहरुको आय नभएको व्यक्तिले कर नै तिर्न नपर्ने कर कानूनको आधारभूत मान्यता प्रतिकुल रहेर आदेश गरिएको, आयकर ऐन र नियमावली विपरीत भूक्तानी र आय समेत नभएको रकम अग्रिम कर कट्टी गर्नु पर्ने भनिएको, तलब भुक्तानी दिएको अवस्थामा मात्रै अग्रिमकर कट्टी आकर्षित हुनेमा सोधभर्नाको रकममा समेत अग्रिम कर कट्टी माग गरेको, झुट्टा वा भ्रमपुर्ण विवरण दिएकोमा मात्र आयकर ऐन, २०५८ को दफा १२०(क) बमोजिम शुल्क लाग्नेमा अग्रिम कर कट्टीको सन्दर्भमा समेत शुल्क लाग्ने गरी त्रुटिपुर्ण तवरले

ठूला करदाता कार्यालय, हरिहरभवनबाट भएको मिति २०७५/०४/३० संशोधित कर निर्धारण निर्णय पर्चा र सोही निर्णयलाई सदर गरेको आन्तरिक राजस्व विभागको २०७६।०२।१४ को निर्णय बदर गरी न्याय इन्साफ पाउँ भन्ने समेत यस न्यायाधिकरणमा परेको पुनरावेदनपत्र ।

९. यसमा मुलुकी फौजदारी कार्यविधि संहित २०७४ को दफा १४०(३) बमोजिम छलफल प्रयोजनार्थ विशेष सरकारी कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नू भनी मिति २०७७।०८।१७ मा यस न्यायाधिरकरणबाट भएको आदेश।

**<u>ठहर खण्ड</u>**

१०. नियम बमोजिम पेशी सुचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदकका तर्फबाट उपस्थित हुनु भएका विद्धान अधिवक्ता श्री महेश कुमार थापाले पुनरावेदकले डिष्ट्रिव्यटर्सलाई दिएको नगद तथा सामान छुटमा आय भएमा पनि डिष्ट्रिब्युटर्सको हुने हुँदा डिष्ट्रिव्युटर्सको कर पुनरावेदकलाई थोपर्न नमिल्ने, अग्रिम करमा ५०% जरिवाना हुनै नसक्नेमा ५०% जरिवाना लगाएको आय नै नभएकोमा अग्रिमकर माग गरेको हुँदा उक्त अग्रिम कर माग गर्ने गरी भएको शुरु ठूला करदाता कार्यालयको निर्णयलाई सदर गर्ने गरी भएको आन्तरिक राजस्व विभागको निर्णय बदर गरी पाउँ भनी र प्रत्यर्थि कार्यालयका तर्फबाट उपस्थित सहायक न्यायाधिवक्ता श्री ठाकुर प्रसाद बस्ताकोटीले पुनरावेदकले Scheme expenses, Cash Discount and Free Pkt expenses अन्तर्गत डिलरहरुलाई नगद तथा सामान उपलब्ध गराएकोमा उक्त नगद तथा सामान छुटमा उपलब्ध गराउँदा तथा Sales Promoters Salary अन्तर्गतको भुक्तानीमा अग्रिम कर कट्टी गरी दाखिला गर्नु पर्नेमा नगरेकोले अग्रिम कर माग गर्ने गरी गरेको शुरु कार्यालयको निर्णय सदर गरेको आन्तरिक राजस्व विभागको निर्णय कानुनसम्मत हुँदा सदर कायम हुनु पर्छ भनी बहस गर्नु भयो ।

११. पुनरावेदक कम्पनीको पुनरावेदनमा लिइएका पुनरावेदन जिकिरहरु, दुवै तर्फका विद्वान कानून व्यवसायीहरुबाट प्रस्तुत वहस बुँदाहरु र मिसिल संलग्न कागज प्रमाणहरुको अध्ययन गरी इन्साफ तर्फ बिचार गर्दा प्रस्तुत मुद्दाका सन्दर्भमा मुख्यतः देहाय अनुसार हुने देखियो ।

<u>क)Scheme Expenses को अन्तर्गतको भुक्तानीमा सम्बन्धमाः</u>

पुनरावेदक सुजल फुड्स प्रा.लि.ले आ.व. ०७१।०७२ को नाफा नोक्सान हिसाबमा Selling and Distribution Expense शीर्षक अन्तर्गत Scheme Expenses भनी व्यवसाय तथा विक्री प्रबर्द्धनको लागि आफ्ना विभिन्न डीलर, डिष्ट्रिव्युटर्स तथा एजेन्ट लगायतलाई दिएको विभिन्न स्किम छुट सुविधा कमिसन वापत खर्च कट्टि लिएकोमा सो मध्ये Scheme expenses, Area Dealer Commission,Sales promoters salary, Cash discount, Free Pkt Scheme, समेतका खर्चको भुक्तानीमा अग्रिम करकट्टी नगरेकोले उक्त

खर्च भुक्तानीमा अग्रिम करकट्टी माग गरेको पाईयो। पुनरावेदकले आफ्नो व्यवसाय प्रबर्द्धन गर्नका लागि विभिन्न किसिमका विक्री योजना बनाई लागू गर्दछ। बिक्री तथा नगद भूक्तानीको आधारमा नगद छुट दिने तथा केही सामानहरु बिना मूल्य प्रदान गर्ने गरिएको, आफ्ना डिलर तथा डिष्ट्रिब्युटरहरुले फाईदा वा लाभ लिने नभई खुद्रा बिक्रेताले पाउने हो। नगद छुटमा डिलरहरुको लागत खर्च घट्ने हो आय होइन। डिलरको आय नभएकाले अग्रिम कर कट्टी गर्न पर्ने होइन। आफ्ना उत्पादनका चकलेट, चुइगम, वेफर जस्ता सामानहरु डिलरहरुलाई उपहारस्वरुप सित्तैमा उपलब्ध गराएको र डिलरहरुले सोही रुपमा खुद्रा बिक्रेताहरुलाई र खुद्रा बिक्रेता मार्फत ग्राहक सम्म पुगोस भनेर डिलर डिष्ट्रिव्युटर मार्फत उपलब्ध गराएको हो। वास्तवमै कसैको आय र भूक्तानी नै नभएको हुँदा अग्रिम करकट्टी गर्नुपर्ने होइन भनी जवाफ पेश गरेको पाईयो।

आयकर ऐन, २०५८ को दफा ८८ उपदफा १ मा वासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको ब्याज, प्राकृतिक स्रोत, भाडा, रोयल्टी, सेवा शुल्क, कमिशन, बिक्री बोनस, अवकास भुक्तानी र अन्य कुनै प्रतिफलको रकम भुक्तानी गर्दा कुल भूक्तानी रकमको पन्ध्र प्रतिशतका दरले कर कट्टी गर्नु पर्छ भनी उल्लेख भएको पाईन्छ। पुनरावेदकले आफ्ना उत्पादनका वस्तु तथा सामान र नगद छुट डिलरहरुलाई उपलब्ध गराएको देखियो। डिलरहरुले के कुन बस्तु तथा सामान वा नगद छुट प्राप्त गरी उक्त वस्तु सामान र नगद छुट अन्तिम उपभोक्ता तथा ग्राहकसम्म पुगेको हो सो को बस्तुनिष्ठ प्रमाण पेश गर्न सकेको पाईएन। अतः डिलरहरुले छुट तथा कमिशन प्राप्त गरेको बस्तु तथा सामान वा नगद छुटको आम्दानि जनाई खर्चको विवरण समेत पेश गर्न नसकेको हुँदा पुनरावेदक कम्पनीले डिलरहरुलाई उपलब्ध गराएको छुटको वस्तु तथा सामान र नगद छुटको हुने भुक्तानी रकममा अग्रिम करकट्टी माग गरेको शुरु ठूला करदाता कार्यालयको निर्णय सदर गरेको आन्तरिक राजश्व विभागको निर्णय अन्यथा गर्नुपर्ने देखिन आएन।

<u>ख) Sales Promoters Salary मा अग्रिम करकट्टी सम्बन्धमाः </u>Sales Promoters Salary_खर्च भूलवस Salary लेखिन गएको हो। उक्त खर्च Salary नभई नेपालको विभिन्न स्थानमा कार्य सम्पादन गर्न जाने हाम्रा तलबी Staff हरुको दैनिक कार्य संचालन गर्दा हुन आउने वास्तविक खर्चको भरपाई मात्र हो भनी पुनरावेदकले लिखित जवाफ पेश गरे तापनि उक्त खर्चको विस्तृत विवरण, प्रमाण कागजातले सोको पुष्टि हुने कागज प्रमाण पेश गरी आफ्नो दाबी पुष्टी गर्नु पर्नेमा सो गर्न सकेको नदेखिँदा उक्त खर्च भुक्तानीमा अग्रिमकर माग गर्ने गरेको शुरु ठूला करदाता कार्यालयको निर्णय सदर गर्ने गरीएको आन्तरिक राजश्व विभागको निर्णय मिलेकै देखियो।

ग) <u>**आयकर ऐन, २०५८ को दफा १२०(क) बमोजिमको शुल्कको सम्बन्धमाः**</u>-पुनरावेदकले अग्रिम कर कट्टी गर्नु पर्ने रकम फरक परेको एवं अग्रिम कर कट्टी गर्न छुट भएको अवस्थामा आयकर ऐन, २०५८ को दफा १२०(क) बमोजिम शुल्क लाग्न सक्दैन भनी

जिकिर लिएको देखिन्छ । पुनरावेदकले लिएको जिकिर अग्रिम कर कट्टी गर्न छुट भएको वा दाखिला नभएको वा कुनै विवरण नलुकाएको अवस्थामा दफा १२०(क) अनुसार शुल्क लाग्न पर्ने वा नपर्ने भन्ने सम्बन्धमा हेर्दा आयकर ऐन, २०५२ को दफा ९०(८) मा तिर्नु पर्ने अग्रिम कर र बिवरण नबुझाएमा व्याज लाग्ने कानूनी व्यवस्था रहेको पाइन्छ । आयकर ऐन, २०५८ को दफा १२०(क) मा अग्रिम कर कट्टी रकम दाखिला गर्न छुट भएमा वा अग्रिम कर कट्टी गर्न पर्ने रकम कट्टी गर्न छुट भएमा वा त्यस सम्बन्धी विवरणहरु नलुकाएको अवस्थामा शुल्क लाग्ने व्यवस्था रहे भएको नदेंखिँदा सो हदसम्म शुरु निर्णय र सो लाइ सदर गर्ने गरी भएको आन्तरिक राजस्व विभागको निर्णय मिलेको देखिएन ।

१२. अतः माथी उल्लेखित आधार कारणबाट स्थायी लेखा नं.३०००१२९०५ भएका पुनरावेदक करदाता सुजल फुड्स प्रा.लि.को आर्थिक बर्ष २०७१/०७२ को अग्रिम कर निर्धारणका सम्बन्धमा पुनरावेदक प्रा.लि.ले Scheme Expences भनि खर्च दावी गरेको रकमका हकमा अग्रिमकर कट्टी गर्नु पर्ने नै देखिँदा सो गरेको हदसम्म आन्तरिक राजस्व विभागको मिति २०७६/२/१४ को निर्णय मिलेकै देखिए पनि आयकर ऐन, २०५८ को दफा १२० (क) अनुसार उक्त रकममा थप शुल्क लगाउनु पर्ने अवस्थाको विद्यमानता नदेखिएकोले सो लगाउने गरेको उक्त निर्णय सो हदसम्म आंशिक बदर भै केही उल्टी हुने ठहर्छ ।अरुमा पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन । तपशिल बमोजिम गर्नू ।

<u>तपशिल</u>

माथि ठहर खण्डमा उल्लेख भए बमोजिम पुनरावेदक करदाता सुजल फुड्स प्रा.लि.को आ.ब.२०७१/०७२ को अग्रिम कर निर्धारणका सम्बन्धमा शुरू ठूला करदाता कार्यालय ललितपुरको मिति २०७५/४/३० को निर्णय सदर गर्ने गरी भएको आन्तरिक राजस्व विभागको मिति २०७६/२/१४ को निर्णयमा आयकर ऐन,२०५८ को दफा १२०(क) को शुल्क लगाउने गरी भएको निर्णय सो हदसम्म उल्टी हुने ठहर भएकोले पुनरावेदकले उक्त शिर्षकमा राखेको धरौट रकम हिसाव गरी फिर्ता दिनु वा अर्को कर अवधिको तिर्नुपर्ने कर रकममा मिलान गरिदिनु भनी शुरु कार्यालयमा लेखि पठाइ दिनू.....................................१

फैसलाको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनू ...................२

नक्कल माग गर्ने सरोकारवालाबाट लाग्ने दस्तुर लिई नक्कल दिनू...................................३

फैसलाको विधुतिय प्रति अपलोड गरी प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी सुरु तथा रेकर्ड मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू ..............................................४

विनोद शर्मा

(अध्यक्ष)

उक्त रायमा हाम्रो सहमति छ ।

पुष्पप्रसाद गुरागाईं (लेखा सदस्य)

राजेन्द्र पौडेल (राजस्व सदस्य)

<u>फैसला तयारीमा सहयोग गर्नेः-</u>

विश्वराज कुइकेल (शाखा अधिकृत)

हेमन्त फयल(ना.सु.)

इतिसम्बत २०७७ साल पौष १६ गते रोज ५ शुभम.....................